रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः७ संख्याः१ आषाढ १०, २०८० साल**

**भाग-१**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमका ऐन सर्वसाधारणका जानकारीका लागि प्रकाशन गरिएको छ।

सम्वत २०८० सालको ऐन नम्बर १

## रिब्दीकोट गाउँपालिकाको आर्थिक ऐन

**रिब्दीकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रस्तावना: रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालकको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रिब्दीकोट गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि रिब्दीकोट गाउँ क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचिः (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर(मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम जग्गा रजिष्ट्रेशन वापतको दस्तुर प्रदेश कानून बमोजिम बाँडफाँड हुने गरी प्राप्त हुनेछ ।

४. **घर बहाल कर**ः गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

८. **बहाल बिरौटी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवसेथा अनुसारा बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र राफ्टिङ्गः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र राफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १० बमोजिम उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (११) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्न दायित्त्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. कर **तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि १

## कर, शुल्क, दस्तुर को दररेट

१. सम्पत्ति करः

(क) सम्पत्ति मूल्याङ्कन गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ख) रिब्दीकोट गाउँपालिका क्षेत्र भित्र आफ्नो नाममा रहेको सवै जग्गा र सो जग्गामा बनेको भौतिक संरचनाहरुको एकमुष्ठ सम्पत्ति मूल्याङ्कन गरी हुन आउने मूल्यका आधारमा कर निर्धारण गर्ने ।

(ग) सम्पत्ति कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुमाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा बास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाकी रहने रकममा २५ प्रतिशतले हुन आउने थप रकम जरिवाना गरी असुल गर्ने ।

(घ) जग्गाको मूल्याङ्कन गर्दा मिति २०७३ /११/२७ तथा सो भन्दा पछि घोषणा भएको यस गाउँपालिकाको क्षेत्रमा रहेको कृषि कार्यमा प्रयोजन भएको जग्गाको मालपोत रजिष्टे ्शन २०७९/०८० को मूल्याङ्कनलाई आधार मानी सम्पत्ति करका लागि मूल्य कायम गरिने छ ।

रिव्दीकोट गाउँपालिका क्षेत्रभित्र सम्पति कर लागु गर्ने सम्बन्धमा मालपोत तथा संरचना समेत समाहित गरीनेछ।दररेटका सम्बन्धमा सम्पत्ति कर समितिले प्रस्ताव गरेको दररेट कार्यपालिका बाट समेत पारित गरी गाउँसभाबाट पारित गर्नका लागि पेश गरेको छु ।

सम्पत्ति करको दर देहाय बमोजिम हुने गरी कार्यपालिकामा पेश गरिनेछ ।

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ (रु १२०) |
| पाँच लाख रुपैयाँभन्दा माथी | प्रति लाख थप (रु २५) |
| पन्ध्र लाख देखि पच्चिस लाख रुपैयाँसम्म | प्रति लाख (रु ३०) |

| | |
|---|---|
| पच्चिस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख (रु ३५) |
| पचास लाख रुपैयाँदेखि पचहत्तर लाख रुपैयाँसम्म | प्रति लाख (रु ४०) |
| पचहत्तर लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | प्रति लाख (रु ४५) |
| एक करोड भन्दा माथि | प्रति लाख (रु ५०) |

सम्पत्ति कर प्रतिलिपी लिनु परेमा रु.५०।- लाग्नेछ ।

सो बाट १८ लाख आम्दानी हुने अनुमान गरिएको मा चालु आ.व. को शाख मसान्त सम्ममा रु. ७,९३,६३७। राजश्व संकलन भएको छ । जग्गाको मुल्याङ्कन मिति २०७९।०३।२२ गते राजश्व परामर्श समितिले जिल्ला मालपोत कार्यालयलाई जग्गाको बर्गीकरण अनुसार मुल्याङ्कन गरि पठाए बमोजिममुल्य कायम हुनेछ साथै मुल्याङ्कनमा छुट भएका जग्गा पनि सोही मुल्य बमोजिम हुनेछन । र पिच बाटोले छोएको जग्गाको मुल्याङ्कन २ बर्ष सम्म यथावत रहने छ ।

## अनुसूची -२
## मालपोत कर

जग्गा रजिस्ट्रेशन वापत जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने रजिस्ट्रेशन दस्तुर अनुमानित १५ लाख हुने अनुमान गरिएकोमा चालु आ.व.मा हाल सम्म २,७५,१७५।- रकम प्राप्त नभएकोले आषाढ मसान्त सम्ममा ५ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

## अनुसूची -३
## घर बहाल कर

| क्र.सं | विवरण | करको दर |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिएबापत | १०% |
| २. | अन्य प्रयोजनको लागि | |

घर बहाल कर बाफत बार्षिक ४ लाख उठ्ने अनुमान गरिएको मा चालु आ.व. को बैशाख मसान्त सम्ममा रु. ३,७०,५३०।- प्राप्त भएको छ ।

## अनुसूची-४

## व्यवसाय करको दर

| क्र.सं | विवरण | करको श्रेणी (क) | नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत |
|---|---|---|---|
| १ | होटल, लज एवं साधारण होटलरेष्टुरेण्ट (मःम, तास, सेकुवाआदि) | ६०० | |
| २ | पर्यटकीय होटल | १००० | |
| ३ | मिठाई पसल | ६०० | |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | १२०० | |
| ५ | फेन्सी पसल | १२०० | |
| ६ | विविध श्रृङ्गार पसल (थोक/खुद्रा/कस्मेटिक) | ६०० | |
| ७ | उनी धागो पसल | ६०० | |
| ८ | जुत्ता चप्पल पसल | ६०० | |
| ९ | निर्माण सामाग्री | १२०० | |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | ६०० | |
| ११ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | ६०० | |
| १२ | पुस्तक तथा पत्रिका पसल | ६०० | |
| १३ | छापाखाना | ६०० | |
| १४ | आर्ट | ६०० | |
| १५ | फोटो स्टुडियो | ६०० | |

| क्र.सं | विवरण | करको श्रेणी (क) | नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत |
|---|---|---|---|
| १६ | रोट पकाउने | ६०० | |
| १७ | पुजा सामग्री | ६०० | |
| १८ | रोट पकाउने तथा पुजा सामाग्री संयुक्त | ६०० | |
| १९ | केवुल नेटवर्क | २४०० | |
| २० | टि.भी., घडी रेडियो, मोवाईल बिक्री/मर्मत | ६०० | |
| २१ | पंखा तथा स्टोभ मर्मत | ६०० | |
| २२ | साइकल बिक्री तथा मर्मत | ६०० | |
| २३ | मोटरसाइकल, मोटर पार्टस्/वर्कसप | २४०० | |
| २४ | ड्राइङ्गि इन्स्टिच्यूट | १२०० | |
| २५ | टायर मर्मत | ६०० | |
| २६ | ग्रिल उद्योग | १८०० | |
| २७ | कवाडी सामानको थोक बिक्रेता | | |
| २८ | टेण्ट हाउस | ६०० | |
| २९ | लाउण्डी पसल | ६०० | |
| ३० | मादल पसल | ६०० | |
| ३१ | गोवर ग्यांस निर्माण कम्पनी | १२०० | |
| ३२ | पाउरोटी भण्डार | १२०० | |
| ३३ | वित्तीय संस्था/सहकारी संस्था | | कृषि तथा दूग्ध सहकारी (गाउँगाउँमा क्रियाशील विभिन्न आर्थिक कारोवार गर्ने समूहलाई वडा कार्यालय मार्फत गाउँपालिकामा दर्ता गर्न अभिप्रेरित गर्नेगरी दर्ता शुल्क रु. १००० र नविकरण शुल्क ५००) |
| ३४ | कलर ल्याब | ५०० | |
| ३५ | निजी अस्पताल/औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भएपछि मात्र) | ५०० | २५० नविकरण |
| ३६ | पशु औषधी पसल(औषधी व्यवस्था विभागको | ५०० | |

| क्र.सं | विवरण | करको श्रेणी (क) | नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत |
|---|---|---|---|
| | प्रक्रिया पुरा भएपछि मात्र) | | |
| ३७ | पोलिक्लिनिक(औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भएपछि मात्र) | २००० | |
| ३८ | बीज भण्डाार | ५०० | |
| ३९ | रंगरोगन तथा इलेक्ट्रिक थोक बिक्री | १००० | |
| ४० | फर्नीचर (स्टील, मेटल)उद्योग (विधिवत दर्ता पछि) | ३०० | |
| ४१ | फर्नीचर (स्टील, मेटल) पसल | ५०० | |
| ४२ | मिल | ५०० | |
| ४३ | सुनचांदी पसल | १००० | |
| ४४ | आइसक्रिम उद्योग तथा पसल | ५०० | |
| ४५ | कपडा सिलाई (प्रति मेसिन रु.७५) | ५०० | |
| ४६ | हेयर कटिङ्ग | ५०० | |
| ४७ | ल फर्म, लेखापढी व्यवसाय | ५०० | |
| ४८ | बोडिङ्ग स्कूल मा.वि. र आधारभुत विद्यालय | ३००० | २०००। |
| ४९ | निर्माण व्यवसायी घ | २५००० | आश्विन मसान्त सम्म ३०००।-,चैत्र मसान्त सम्म ६०००। र बैशाख जेष्ठ र आषाढमा आएमा ९०००। |
| ५० | आयल पम्प | २००० | ५०००। |
| ५१ | कुरियर, फ्याक्स, कम्प्यूटर र टेलिफोन | ५०० | |
| ५२ | उद्योग (कृषि सम्बन्धी नियमानुसार छुट हुने) | १००० | |
| ५३ | सपिङ्ग सेन्टर | १००० | |
| ५४ | तरकारी पसल (होलसेल पसल ५००) | ५०० | |
| ५५ | चश्मा पसल | ५०० | |
| ५६ | दांत बनाउने पसल | ५०० | |

| क्र.सं | विवरण | करको श्रेणी (क) | नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत |
|---|---|---|---|
| ५७ | मासु पसल | ५०० | |
| ५८ | नर्सरी र फलफूलका विरुवा बिक्रीवितरण | ५०० | |
| ५९ | माटोको भाडा बनाउने | ५०० | |
| ६० | टेक्निकल इन्स्टिचियुट | २००० | |
| ६१ | कन्सल्टेन्सी फर्म (इनजीनियर र ओ.सी.) | ३००० | |
| ६२ | ज्योतिष | ५०० | |
| ६३ | अडिटर फर्म (क ख ग घ) | १००० | |
| ६४ | सिलाई, बुनाई, पेन्टिङ्ग कटिङ्ग प्रशिक्षण | ५०० | |
| ६५ | ल्याब (परिक्षण) | ५०० | |
| ६६ | पुलवोर्ड | ५०० | |
| ६७ | वालुवा ढुंगा, गिट्टी निकासी (प्रति क्यू फुटको रु.६, (ट्र्याक्टर १०० क्यू फिट, ट्रक/ट्रिपर ६ चक्के २८० क्यू फिट, ट्रक/ट्रिपर १० चक्के ४२३ क्यू फिट) मिस्कट रु.४, माटो रु.३ प्रति क्यूफिट | **ट्र्याक्टरको ६००,ट्रक/ट्रिप्पर१६८०/२५३८** | जरिवाना ट्र्याक्टरको ५०००<br>ट्रक/ट्रिपरको १०००० |
| ६८ | रेमिटेन्स सेवा (राष्ट्र बैंकको प्रक्रिया पुरा भएपछि) | १००० | |
| ६९ | कटिङ्ग ढुंगा | १००० | |
| ७० | खरि खानी | २००० | |
| ७१ | क्रसर उद्योग | २०००० | 2500 |
| ७२ | व्लक उद्योग | २००० | 1000 |
| ७३ | फलफूल पसल | ५०० | |
| ७४ | ग्यास (नियमानुसार अनुमति भएका) | ५०० | |
| ७५ | कूखूरा फर्म, वंगुर फर्मलगायत कृषि फर्म दर्ता | ५०० | |
| ७६ | सहकारी सस्था दर्ता वापतको शुल्क | ५०० | |
| ७७ | बैंक काउण्टर व्यावसाय कर | ५००० | |

| क्र.सं | विवरण | करको श्रेणी (क) | नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत |
|---|---|---|---|
| ७८ | बैंक शाखा कार्यालय व्यबसाय कर | १०००० | |
| ७९ | लघुवित्त सस्था व्यबसाय कर | २५०० | |
| ८० | ठुला मिल दर्ता शुल्क | १००० | |
| ८१ | कम्वाईण्ड मिल दर्ता शुल्क | ५०० | |
| ८२ | लघु उद्यमी समुह दर्ता | १००० | |
| ८३ | काठ निकासी | १.५० प्रति क्यु फिट | |
| ८४ | निजी फर्म /कृषि तथा पशुपंक्षी फर्म | १०००। | ५०प्रतिशत |
| ८५ | खोटो निकासी | ३ प्रतिशत | मुल्यको ३ प्रतिशत |
| ८६ | सामुदायिक वन समुह दर्ता | १०००। | ५०प्रतिशत |

सम्पुर्ण खालका व्यवसायहरुको दर्ता तथा नविकरण शुल्क बाट वार्षिक रु ७लाख २० हजार उठ्ने अनुमान गरिएको मा चालु आ.व. को बेशाख मसान्त सम्ममा रु. ३ ,८२,००१। प्राप्त भएको छ ।

## अनुसूची-५

## कवाडी कर

कवाडी कर वापत वार्षिक रु. ३ लाख उठ्ने अनुमान गरिएको मा चा आ.व. मा रु. ३,००,०००।- को टेण्डर भएकोमा रु. ३,००,०००।- आम्दानी भएको छ।

### अनुसूची - ६

### विज्ञापन कर (आयमुलक कार्य)

| क स | विवरण | क्रियाकलाप | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | बिज्ञापन | साइनवोर्ड ग्लोवोर्ड, स्टल आदिमा ३५ वर्गफुट भन्दा माथि | ८००। |
| | | साइनवोर्ड, ग्लोवोर्ड स्टल आदिमा ३५ वर्गफुट सम्म | ५००। |
| | | तुल व्यानर एक हप्ताको लागि | ५०। |

| | | | |
|---|---|---|---|
| | | तुल व्यानर एक हप्ता भन्दा बढी | १००। |
| | | | |

यी शिर्षकहरुबाट बार्षिक १० हजार राजस्व उठ्ने अनुमान गरिएकोमा बैशाख मसान्त सम्म कुनै पनि रकम नउठेको ।

## अनुसूची-७

### बहाल विटौरी कर

घुमफिर गरी बेचविखन गर्ने ब्यापारीलाई निरुत्साहित गरिनेछ यदि कोहीब्यक्तीले घुमफिर गरी बेचविखन गरेको पाइएमा मा प्रति महिना १०००।०० शुल्क लिइने छ ।

## अनुसूची- ८

### पार्किङ्ग शुल्क

| | |
|---|---|
| सवारी पार्किङ शुल्क (भैरवस्थान मन्दिर परिसर क्षेत्रमा) | -मोटरसाईकल रु. १०,<br>-कार, जिप, भ्यान रु. ३०,<br>-बस, ट्रक रु. ८० |

उक्त पार्किङ्ग स्थल प्रयोग, उपयोग र व्यवस्थापन गर्ने र प्रतिफलको हिस्सेदारी यस अघि जग्गा धनीसंग भएको सम्झौता अनुरुप गाउँपालिकाले गरेको निर्णय अनुरुप हुनेछ । यि शिर्षकहरुबाट १५ हजार राजस्व उठ्ने अनुमान गरिएकोमा छ ।

## अनुसूची-९

### ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिप लाइन शुल्क

यस सम्बन्धी ट्रेकिङ्ग, बन्जी, जम्पिङ्ग, जिप लाइन संचालन गर्ने ब्यावसायीबाट गाउँकार्यपालिकाले प्रति टिकट मुल्यको ५ प्रतिशतले हुने रकम मनोरञ्जनकर वापत लिनेछ ।

## अनुसूची-१०

### १.सेवा शुल्क, दस्तुर

| क.सं. | कर सुचि | विवरण | सेवाशूल्क, दस्तूर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अंग्रेजी | ६००। |
| | | नेपाली | ३००। |
| २ | राहदानी सिफारिस | | ३००। |
| ३ | जग्गा नामसारी सम्बन्धी सिफारिस<br>क) नामसारी | नामसारी | ४००। |

| | | | |
|---|---|---|---|
| ४ | | नमसारी मुचुल्का | ४००। |
| ५ | जग्गा प्रशासन : | साधारण: ३००। | |
| ६ | ख) घरवाटो सिफारिस(प्रति कित्ता)<br>थप कित्ताको लागि पक्की सडकमा पर्ने रु ५० प्रति कित्ता र कच्ची सडक रु ३० प्रति कित्ता थप दस्तूर लाग्नेछ। | कालोपत्रे सडकले छोएका जग्गाहरु<br>अन्य पक्की मार्ग | ३००। |
| ७ | | वाटो नभएको | ५०। |
| ८ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | | ५००। |
| ९ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | १०००। |
| १० | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १०००। |
| ११ | भरतीय पेन्सन पारिवारिक विवण र अन्य सिफारिस | | १०००। |
| १२ | भारतीय पेन्सन सिफारिसका लागि | | १०००। |
| १३ | नेपालको पेन्सन पारिवारिक विवरण | | १०००। |
| १४ | वृटिश पेन्शन पारिवारिक विवरण सिफारिस | | १०००। |
| १५ | संघ संस्था | दर्ता सम्बन्धी सिफारिस | |
| | | नविकरण सम्बन्धी सिफारिस | |
| | | आधारभुत १ देखि ६ | |
| | | मा.वि. | |
| | | स्नातक वा सा भन्दा बढी | |
| | | प्राविधिक शिक्षा सिफारिस | ३००० |
| १६ | काठ दाउरा निकासी सिफारिस | प्रतिगाडी (६ चक्के) | ५०० |
| | | प्रतिगाडी (१० देखि १२ चक्के) | १००० |
| | | ट्याक्टर | २५० |
| १७ | अंग्रेजी रुपान्तर | जन्म दर्ता ठेगाना परिवर्तन वाहेक | ६०० |
| १८ | मार्कसिटमा नामथर आदि सच्चायने | | २०० |
| १९ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | | २०० |
| २० | नावालक परिचय पत्र (सिफारिस) | | २०० |

| | | | |
|---|---|---|---|
| २१ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | १००० |
| २२ | नाम छुटको सिफारिस | | २०० |
| २३ | व्यक्तिगत घटना ३५ दिनपछि | | २०० |
| २४ | सर्जिमिन मूचुल्का नागरिकता | | ३०० |
| २५ | क चारकिल्ला बाटोमा नपर्ने (१ कित्ता) | साधारण बाटोमा नपर्ने | ३०० |
| २६ | ख चारकिल्ला प्रमाणित बाटोमा पर्ने (१ कित्ता) | कच्चि सडकले छोएका जग्गाहरु | ४०० |
| | | पक्की बाटोले छोएका जग्गाहरु | ५०० |
| २७ | ग थप प्रतिकित्ता | पक्की बाटोमा पर्ने | ५० |
| २८ | ३ थप प्रतिकित्ता | कच्ची बाटोमा पर्ने | २५ |
| | | पक्की घरसहित जग्गाको ४ किल्ला सिफारिस गर्दा थप | २०० |
| २९ | सनाखतको सिफारिस | | २०० |
| ३० | जन्म मृत्यु सम्बन्धी सिफारिस | अंग्रेजी | ३०० |
| | | नेपाली | २०० |
| | | प्रमाणित शूल्क | २०० |
| ३१ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| ३२ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | | २०० |
| ३३ | सर्जमिन शुल्क | | ३०० |
| ३४ | अमिन शुल्क | १ कित्ता ( जोडिएको प्रति कित्ता थप रु. २००।) | १५०० |
| ३५ | अविवाहित प्रमाणित | नेपाली | ३०० |
| | | अग्रेजी | ५०० |
| ३६ | वसाइसाइ | | २०० |
| ३७ | सिफारिश | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ५०० |
| ३८ | सिफारिश | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | ३०० |
| ३९ | सिफारिश | चारित्रिक सिफारिस विद्यार्थीका लागि ५० प्रतिशत छुट | १५० |
| ४० | सिफारिश | जनजाती र दलित प्रमाणित | १५० |
| ४१ | विद्युत जडान सम्बन्धी | १) सामान्य | |

| | | | |
|---|---|---|---|
| | सिफारिस स्तर अनुसार | कच्ची घर<br>पक्की घर | ३००<br>४०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ४२ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | १५० |
| ४३ | निजी धारा जडान सम्बन्धी सिफारिस | | १५० |
| ४४ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आार.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | ४००<br>३०० |
| ४५ | उद्योग स्थापना सिफारिस | ठुलो उद्योग | २००० |
| | | मझौला उद्योग | १००० |
| | | साना उद्योग | ५०० |
| ४६ | छात्रवृत्ति सम्बन्धी सिफारिस | | निशूल्क |
| ४७ | स्थायी वसोवास सिफारिस | | २०० |
| ४८ | न्यायिक कार्यका लागि निवेदन दस्तुर | | ५० |
| ४९ | नक्कल (न्यायिक निर्णयको हकमा) | | प्रतिपाना रु. १० |

## २.अन्य सिफारिस, दस्तुर

| सि.न | कर सुचि | विवरण | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | निवेदन फाराम तथा अनुसुचि फाराम (प्रतीपाना) | | १० |
| २ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| ३ | अन्य मूचुल्का | | ३०० |
| ४ | सूचि दर्ता शुल्क | | ५०० |
| ५ | भवन निर्माण दरखास्त फाराम | | कच्ची १००, पक्की ५००<br>(भुकम्प पिडितलाई निशुल्क) |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | नियमानूसार | पदअनूसार लोकसेवाले तोके बमोजिम |
| ७ | कोटेशन फाराम शुल्क | आर्थिक नियमानूसार | खरदिऐन नयिमावली बमोजिम |
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमानूसार | खरदिऐन नयिमावली बमोजिम |
| | | आफैले सार्दा | १० |

| | | | |
|---|---|---|---|
| ९ | निवेदन नक्कल प्रति पाना | कार्यालयले सार्दा | २० |
| | | दर्ता र नवीकरण | १०० |
| १० | घर निर्माण नक्शाको नक्कल दस्तूर | सोभन्दा माथि प्रति तल्ला | ५ |
| | | आफै सार्दा एक तला | १० |
| | | प्रति तला थप | ५ |
| | | | १०० |
| ११ | मिलापत्र दस्तूर प्रति पक्ष | | - |

नोटः दीन दुःखीहरुको हकमा गाउँपालिकाको अध्यक्ष , उपाध्यक्ष , कार्यकारी अधिकृत, वडा अध्यक्षको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिने छ ।

यि सवै शिर्षकवाट समग्रमा १२ लाख वार्षिक राजस्व उठने अनुमान गरिएकोमा मंसिर मसान्त सम्म रु. ४,६५,२७०। उठेको छ ।

व्यक्तिगत घटना दर्ता दस्तुर वापत हाल सम्ममा रु. २,४५,३५०। आम्दानी भएको छ ।

न्यायिक दस्तुर वापत रु. २ हजार आम्दानी हुने अनुमान गरिएकोमा हाल सम्ममा रु. ५००। आम्दानी भएको छ ।

परीक्षा शुल्क वापत रु. ६० हजार आम्दानी हुने अनुमान गरिएकोमा मंसिर मसान्त सम्ममारु. ४२,३००। आम्दानी भएको छ ।

### ३. हैसियत प्रमाणित

| सि.न | कर सुचि | विवरण | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मुल्याङ्कन | रु.१० लाख सम्म | २,००० |
| | | रु.२० लाख सम्म | २,५०० |
| | | रु.३० लाख सम्म | ३,००० |
| | | रु.४० लाख सम्म | ३,५०० |
| | | रु.५० लाख सम्म | ४,००० |
| | | रु.५० लाखभन्दा बढीमा प्रति १०लाखमाथप | १००० |
| २ | बाषिक आम्दानी( ऋण लिन र वैदेशिक रोजगार) | रु.५ लाख सम्म | १५०० |
| | | रु.१० लाख सम्म | २००० |
| | | रु.२० लाख सम्म | ३००० |

| | | | |
|---|---|---|---|
| | | रु.३० लाख सम्म | ४००० |
| | | रु.४० लाख सम्म | ५००० |
| | | रु.४० लाखभन्दा बढीमा प्रति ५ लाखमा थप | १००० |

(क) सम्पत्ति मूल्याङ्कन र बार्षिक आम्दानी दुवै गराउनेलाई वढी दस्तुर हुन आउने एकमात्र असुल गर्ने ।यि सवै शिर्षकहरुवाट वार्षिक २ लाख राजस्व उठ्ने अनुमान गरिएको छ ।

(ख) गाउँपालिकाले तत्काल धितो मुल्यांकन गरेको सिफारिसको पूनः नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोको लागि लाग्ने दस्तुरको १० प्रतिशत थप राजश्व लिइनेछ ।

## ४.व्यवसाय दर्ता तथा इजाजत दस्तुर

| क.सं | विवरण | | २०८०÷०८१ |
|---|---|---|---|
| क | व्यवसाय दर्ता तथा ईजाजत दस्तुर | | |
| | २० लाख सम्म | | ५०० |
| | २० लाख देखि ५० लाख सम्म | | १००० |
| | ५० लाख भन्दा बढी | | १५०० |
| टावर (टेलिफोन, मोइवाल) प्रति टावर | | | १०,०००।०० |

# ५.संरचना निर्माण

| सि. नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति व.फी.) ने.रु.मा | | |
|---|---|---|---|---|
| | | नक्सापास क्षत्र | | |
| | | क | ख | ग |
| १ | आर. सी. सी. फ्रेम स्ट्क्चर | | | |
| क) | पूर्ण भुमिगत तला | २.०० | १.५० | १.०० |
| ख) | अर्ध भुमिगत तला | ४.०० | ३.५० | ३.०० |
| ग) | जमिन तला | ४.०० | ३.५० | १.५० |
| ३) | पहिलो तला | ४.२५ | ३.७५ | १.५० |
| ङ) | दोश्रो तला | ४.५० | ४.०० | १.७५ |

| | | | | |
|---|---|---|---|---|
| च) | तेश्रो तला | ४.७५ | ४.२५ | २.०० |
| छ) | चाथा तला | ५.०० | ४.५० | २.५० |
| ज) | पाचो तल्ला वा सो भन्दा माथि | १०.०० | ८.०० | ३.०० |
| झ) | सिमन्टको जोडाइमा इटा वा ढुगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्तापाता छाना | ३.५० | २.५० | ०.५० |
| ञ) | जोडाइमा इटा वा ढुगाको गारो (न्युनतम २३ स.मी. मोटाई) आर.सी.सी., जस्तापाताछाना | ३.२५ | २.२५ | ०.३० |
| ट) | माटोको जोडाइमा इटा वा ढुगाको | ३.०० | २.०० | ०.५० |

अ) पुराना घरहरु सुचिकृत गर्दा पुरानो पक्की घरको रु ५००। र कच्चि घरको रु ,३००। दस्तुर कायम कायम गर्ने ।

आ) पिच सडकमा पर्ने पक्की घरको सूचिकृत गर्दा रु.१५००। र कच्चि घरको १०००। दस्तुर कायम गर्ने ।

इ) बाँकी कार्यहरुको हकमा गाउकार्यपालिकाले तोके बमोजिम हुन सिफारिस गरिन्छ ।

यस शिर्षकबाट बार्षिक ३ लाख राजस्व आम्दानी हुने अनुमान गरिएकोमा मंसिर मसान्त सम्म रु. ८८७४। उठेको छ ।

## अनुसूची–११
## पर्यटन शुल्क

पर्यटकीय सम्भाव्यता भएका स्थानहरुको पहिचान भएका क्षेत्रहरुको पहिचान गरी पर्यटन शुल्क गाउँकार्यपालिकाको वाट तोक्न उपयुक्त देखिन्छ । विशेष परिस्थितिमा उल्लेखित कर/शुल्क/दस्तुर आदिका दरहरुमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी गाउंसभाबाट अनुमोदन गराउने गरी गाउंकार्यपालिकालाई कर /शुल्क/दस्तुर आदिका कर, सेवा शुल्कहरुमा आवश्यकता बमोजिम हेरफेर गर्न सकिने अधिकार हस्तान्तरण गर्न उपयुक्त देखिन्छ । सडकको मापदण्डको हकमा प्राविधिकहरुले अध्ययन गरी तयार गरेको प्रतिवेदनका आधारमा ४ महिना भित्र बाटोको मापदण्ड तोकि सभाबाट अनुमोदन गराई लागु गर्नु पर्ने ।

## अनुसूची–१२
## विविध

- प्राविधिकहरुको Office attachment बाट १ लाख हुने अनुमान गरिएको छ ।
- CLINICAL PRACTICE LEVEL तालीममा १० जनासम्म विद्यार्थी भएमा प्रति विद्यार्थी रु.२०००।० र १० जना भन्दा बढी विद्यार्थी भएमा प्रति विद्यार्थी थप रु.१०००।० सहभागी शुल्क लिने ।
- OJT बमोजिम कायम गर्ने । मा सहभागी प्रति विद्यार्थी रु.५००।
- यस गाउँपालिका क्षेत्र भित्र काम निर्माणको कार्य गर्न प्रयोग हुने जे. सी. बि. तथा चेन डोजरहरु यस गाउँपालिकामा आश्विन मसान्त भित्र सूचिकृत हुन अनिवार्य गराउने । सूचिकृत दस्तुर देहाय बमोजिम कायम गर्ने ।
- चेन डोजर प्रति बर्षको रु. २०,०००।
- जे. सी. बि. प्रति बर्षको रु. १५,०००।

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत